Toll Free Number: 16600102999

सहकारीमा असल अभ्यासहरू सम्बन्धी परामर्श कार्यक्रम

Date: 2083/06/30, Friday
Time: 11:00 AM

ZOOM

Meeting ID: 955 8432 1113
Passcode: ncbl

National राष्ट्रिय सहकारी बैंक लिमिटेड
Co-operative Bank Limited (NCBL)

Best Practices in Cooperative



Experience Sharing Session with

Bhim Gurung

CEO

Pokhara Royal Saccos

हरेक वर्षको अक्टोबर तेस्रो विहिबार



Cooperative Finance: A Steady signal for a Noisy World

सहकारी वित्त : चुनौतिपूर्ण विश्वमा स्थिरताको संकेत

सहकारीको लागि के र कसरी चुनौतिपूर्ण ?

१) प्रविधीको तीव्र विकास

२) सहकारी प्रति गलत भाष्य फैलंदो गतिमा


३) नाफा भन्दा सेवा प्राथमिकताको चुनौति

४) वित्तीय अनुशासन र यसको परिक्षण

५) सदस्यसंगको जीवन्त सम्वन्ध

६) नेतृत्व निर्माण र फिट एण्ड प्रपर टेष्ट

७) सहकारी वित्तको वित्तीय क्यालेण्डर



Our Vision हाम्रो परिकल्पना



S - Sustainability दिगोपना


M - Member First सदस्य पहिला

A - Accountability जवाफदेहिता

R - Responsibility जिम्मेवारी

T - Teamwork समूह कार्य

मूख्य मूल्यहरू






राष्ट्रिय सहकारी नियमन प्राधिकरण

अनुसूची-३

सहकारी संस्थाको सञ्चालन इजाजतपत्र

राष्ट्रिय सहकारी नियमन प्राधिकरण (National Cooperative Regulatory Authority)

सहकारी संस्थाको सञ्चालन इजाजतपत्र (Operative License of Co-operative)

१.

संगठन र समितिको क्षेत्र...

संगठन र समितिको क्षेत्र...

१) ३ वटा कार्यालय, ५ जिल्ला कार्यक्षेत्र

२) समिति/उपसमिति /कार्यदल/उच्च व्यवस्थापन आदिको व्यवस्था

३) तालिम पश्चात मात्रै समितिमा प्रतिनिधित्व

४) अध्यक्षसंग कार्य सम्झौता

५) Fit and Proper/Stress Test को व्यवस्था

६) आचार संहिता




राष्ट्रिय सहकारी नियमन प्राधिकरण
पुल्चोक, ललितपुर, नेपाल ।

अनुसूची-३
(दफा ४ को उपदफा (१) सँग सम्बन्धित)
सहकारी संस्थाको सञ्चालन इजाजतपत्र

राष्ट्रिय सहकारी नियमन प्राधिकरण (National Cooperative Regulatory Authority)
पुल्चोक, ललितपुर (Pulchowk, Lalitpur)

सहकारी संस्थाको सञ्चालन इजाजतपत्र (Operative License of Co-operative)

जारी गर्ने अधिकारी
नाम: भिम बहादुर बुढा
पद: निर्देशक
जारी मिति: २०८२-०८-२४

कर्जा सूचना केन्द्र लि

२.

नीतिगत क्षेत्र..

नीतिगत संरचना र सुशासन...

१) केन्द्रबाट स्वायत्त भई स्थानीयकरण भएको संस्था

२) ९ वटा नीति तथा निर्देशिका, कार्यविधी संगालो १

३) रणनीतिक योजना र व्यवसाय निरन्तरता योजना

४) समुदायको पहिलो रोजाईमा पार्ने नीति

५) जगेडाकोष मूखी संस्था बनाउने नीति

६) ठूलो पनि बलियो पनि बनाउने नीति

७) नाफाको लागि हैन, सेवाको लागि भन्ने नीति



CELEBRATING 25 YEARS OF EXCELLENCE

स्थापनाको गौरवमय २५ वर्ष

३.

सदस्य केन्द्रित सेवा...

१) सदस्य बनेकै दिन शेयर प्रमाणपत्र
२) जन्मैदेखि मृत्यूसम्म, रोयलको योजना कस्तो अचम्म
३) सदस्यसंग रोयल कार्यक्रम, अनिवार्य सदस्य शिक्षा
४) वार्षिक सदस्य सर्वेक्षण
५) बचत समूह र केन्द्र अवधारणा

६) सदस्य सन्तुष्टि फारमको व्यवस्था

७) सदस्य हातेपुस्तिकाको व्यवस्था

८) एक सदस्य,अर्को एक सदस्य योजना

९) सदस्य सहायता कक्षको व्यवस्था

१०) सहकारी कोसेली घर मार्फत सेवा





CELEBRATING 25 YEARS OF EXCELLENCE

स्थापनाको गौरवमय २५ वर्ष

४.

कर्मचारी व्यवस्थापन...

१) श्रम ऐन र कानूनी अनुपालना
२) कर्मचारी हातेपुस्तिका/वर्क फ्रम होम
३) विहानी स्टाण्डिङ बैठक/Out Sourcing को व्यवस्था
४) पठन संस्कृति/मनोरञ्जन कक्षा र खेलकुद
५) अनिवार्य विदा र बर्थडे स्पेसल विदा

६) दशक पदक, सिल्भर पदकबाट सम्मान
७) २ वर्षमा अनिवार्य विभाग परिवर्तन
८) नियमित तालिम र आन्तरिक ज्ञान व्यवस्थापन
९) कार्यसम्पादन मूल्यांकन (KPI)
१०) उपदान र सामजिक सुरक्षा कोष
१०) Entry and Exit Interview



CELEBRATING 25 YEARS OF EXCELLENCE

स्थापनाको गौरवमय २५ वर्ष

५.

सभा तथा बैठक व्यवस्थापन...

१) एकाईगत वार्षिक साधारण सभा
२) अतिथि विहिन सभा, विषयविज्ञको व्यवस्था
३) जेठ महिनामा बजेट गोष्ठी
४) भौतिक तथा भर्चुअल बैठकको व्यवस्था
५) विस्तारित मञ्च र सदस्यसंग रोयल कार्यक्रमहरू
६) सभा (३) समिति (२) उपसमिति (१) घण्टामा
७) बैठक भएकै दिन निर्णय प्रमाणिकरण



CELEBRATING 25 YEARS OF EXCELLENCE

स्थापनाको गौरवमय २५ वर्ष

६.

वित्तीय क्षेत्रको सेवा र खुलासा...

१) कम्तिमा १० र बढीमा १००० कित्ता शेयर

२) १०० दिने आवधिक बचत

३) एकल विन्दुमा ऋण सेवा

४) छुनुमुनु बचतको व्यवस्था

५) नियमित स्वेतपत्र जारी

६) हरेक रिपोर्टिङ एक कदम अगाडि

७) अनिवार्य बचत,अनिवार्य उपस्थिति



वित्तीय प्रगति विवरण २०८२/०८३





CELEBRATING 25 YEARS OF EXCELLENCE

स्थापनाको गौरवमय २५ वर्ष

७.

नवप्रवर्तन सेवा...

१) ATM **सेवा**, QR Banking **सेवा**

२) E Teller **व्यवस्था**, Mobile Banking **सुविधा**

३) SMS **सेवा**, Core banking **सेवा**

४) Digitization **मा प्रवेश**

५) Website/YouTube/Viber/Tik tok/Instagram

६) E-attendance and Leave Management

७) **सदस्य तथ्यांक भण्डारण व्यवस्थापन**





CELEBRATING 25 YEARS OF EXCELLENCE
स्थापनाको गौरवमय २५ वर्ष

८.

सामुदायिक गतिविधी...

१) रोयल फाउण्डेसनको स्थापना

२) ५०० बढी महिलालाई साक्षर

३) स्वास्थ्य शिबिर र परामर्श कार्यक्रम

४) सार्वजनिक शौचालयको व्यवस्था

५) वित्तीय तथा डिजिटल साक्षरता शिक्षा

६) स्कूल स्कूलमा रोयल

७) आहातमा राहत सेवा





CELEBRATING 25 YEARS OF EXCELLENCE

स्थापनाको गौरवमय २५ वर्ष

९.

अभियान भित्र र बाहिर ...

१) स्तरीकरण कार्यक्रममा आवद्ध

२) महासंघ तथा संघहरूमा आवद्धता

३) सहयोगी संघ संस्थासंग सेवा विस्तार

४) अर्न्तराष्ट्रिय संस्थासंग सहकार्य

५) भगिनी संस्था सम्वन्ध कायम

६) म्यानेजर्स क्लव स्थापनाको अगुवा संस्था

७) सहकारी अभियानमा संधै संगै..





CELEBRATING 25 YEARS OF EXCELLENCE
स्थापनाको गौरवमय २५ वर्ष

१०.

उपलब्धी र भविश्यको बाटो.....

१) उत्कृष्ठ करदाता पुरस्कार

२) उत्कृष्ठ राष्ट्रिय स्तरको पुरस्कार

३) उत्कृष्ठ जिल्ला स्तरीय पुरस्कार

४) उत्कृष्ठ प्रादेशिक पुरस्कार

५) उत्कृष्ठ अध्यक्ष तथा व्यवस्थापक पुरस्कार



"मर्यादित श्रम र पर्यटनका लागि सहकारी"

राष्ट्रिय सहकारी महासंघ लि. नेपाल

पूल्चोक, ललितपुर

उत्कृष्ट सहकारी व्यवसाय पुरस्कार-२०७६

वचत तथा ऋणको माध्यमद्वारा सदस्यहरूको वित्तीय पहुँचका साथै आर्थिक तथा सामाजिक विकासमा उल्लेख्य योगदान पुऱ्याए वापत पोखरा रोयल बचत तथा ऋण सहकारी संस्था लि., पोखरा म.न.पा.–१०, कास्कीलाई नेपालको सहकारी अभियानको तर्फबाट ९८ औं अन्तर्राष्ट्रिय सहकारी दिवसको अवसरमा नगद रू. २०,०००/- सहित उत्कृष्ट सहकारी व्यवसाय पुरस्कार प्रदान गरिएको छ ।

पद्मा कुमारी अर्याल
प्रमुख अतिथि
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री

मिनराज कडेल
अध्यक्ष
राष्ट्रिय सहकारी महासंघ लि. नेपाल

मितिः २०७७/३/२०
(1st Saturday of July 2020)

६) सहकारी अध्ययनको केन्द्रमा रोयल
७) संस्थापक अध्यक्ष सहकारी पुरस्कार कोष स्थापना
८) राष्ट्रिय तथा प्रादेशिक सहकारी पुरस्कार
९) नियमित बुलेटिनको प्रकासन
१०) वृत्तचित्र र रोयलको कुरा रेडियो कार्यक्रम

हामीलाई राम्रो लागेको समाचार...

कस्ता छन् संसदीय छानबिन विषेश समितिले छलफल गरेका 'राम्रो संचालनमा रहेका सहकारी'

2340 SHARES

Share | Tweet | Print | Share

२०८१ श्रावण १८ गते , शुक्रवार

खिलानाथ दाहाल

A⁻ A A⁺



काठमाडौं । सहकारी संस्था बचत रकम दुरुपयोग सम्वन्धमा गठित संसदीय छानबिन विषेश समितिले सरोकारवाला संग छलफल गर्ने क्रममा राम्रो संचालनमा रहेका सहकारीसंग पनि छलफल गरेको छ । समितिले साउन १४ गते गरेको उक्त छलफलमा देशभरका ३४ सहकारीका प्रतिनिधिहरुको सहभागिता रहेको थियो ।

पोखरा रोयल सहकारीले ९.९९% ब्याजदरमै १० वर्षसम्मको लागि १ करोडसम्म लगानी गर्ने

सहकारी खबर २०८१ साउन १४, सोमबार



प्राधिकरणमा दर्ता हुने पहिलो सहकारी रोयल

राष्ट्रिय सहकारी नियमन प्राधिकरण
पुल्चोक, ललितपुर, नेपाल ।
(स्थापना-२०८१)

नेपाल सरकार

अनुसूची-३
(दफा ४ को उपदफा (१) सँग सम्बन्धित)
सहकारी संस्थाको सञ्चालन इजाजतपत्र

राष्ट्रिय सहकारी नियमन प्राधिकरण (National Cooperative Regulatory Authority)
पुल्चोक, ललितपुर (Pulchowk, Lalitpur)

सहकारी संस्थाको सञ्चालन इजाजतपत्र (Operative License of Co-operative)

इजाजतपत्र नं.: २०५९-००००२

बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको दर्ता अभिलेखिकरण मापदण्ड, २०८२ को दफा ४ बमोजिम देहायको सहकारी संस्थालाई राष्ट्रिय सहकारी नियमन प्राधिकरणमा दर्ता अभिलेखीकरण गरी यो सञ्चालन इजाजतपत्र जारी गरिएको छ ।

सहकारी संस्थाको नामः पोखरा रोयल बचत तथा ऋण सहकारी संस्था लिमिटेड
दर्ता नं र दर्ता गर्ने निकायः २५०-२०५८/०५९, सहकारी रजिष्ट्रारको कार्यालय गण्डकी प्रदेश, पोखरा नेपाल
कार्यक्षेत्रः कास्की, स्याङजा, तनहुँ, लमजुङ्ग र पर्वत जिल्ला भर
कार्यः बचत तथा ऋणको मुख्य कारोबार

जारी गर्ने अधिकारी
नामः भिम बहादुर बुढा
पदः निर्देशक
जारी मितिः २०८२-०८-२४

वित्तिय कारोबारको इजाजतपत्र पाउने पहिलो सहकारी बन्यो पोखरा रोयल साकोस

3276 SHARES

Share Share Share

२०८२ मंसीर २५ गते , विहीवार Sahakari Akhabar A- A A+



काठमाडौं । पोखराको बुद्धचोकमा मुख्य कार्यालय रहेको पोखरा रोयल बचत तथा ऋण सहकारी संस्था वित्तिय कारोबारको इजाजतपत्र पाउने पहिलो संस्था भएको छ । बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारीहरुले वित्तिय कारोबार गर्न राष्ट्रिय सहकारी नियमन प्राधिकरणबाट इजाजतपत्र लिनुपर्ने व्यवस्था भएपछि पोखरा रोयल साकोस इजाजत पत्र लिनेमा पहिलो भएको छ ।

हामीलाई राम्रो लागेको समाचार...

पोखरा रोयलमा थुप्रियो तरलता, अन्य वित्तीय सूचक कस्तो छ?

सहकारी खबर २०८१ वैशाख ४, मङ्गलबार



देशभरका सफल सहकारीसँग संसदीय समिति: सफलताको कथा सुनेर सांसद दङ्ग

- वित्तीय पोस्ट्
साउन १५, मंगलबार



हामीलाई राम्रो लागेको समाचार...

पोखरा रोयल सहकारी २३औं वर्ष प्रवेश, जगेडाकोष मुखी सहकारी निमार्ण गर्ने अभियान

सहकारी खबर २०८१ जेठ ८, मङ्गलबार



Pokhara Royal Saving & Credit Co-Operative Society Limited
Favorites · April 3 ·

पोखरा रोयलका सुन्ने कुरा




YOUTUBE.COM

Pokhara Royalka Sunne Kura#Bhim Gurung#11th Series#100 Mission# पोखरा रोयलको 100 मिसन के हो ?

हामीलाई राम्रो लागेको समाचार रचनाहरू...

सकसपूर्ण परिस्थितिबीच सुखद क्लोजिङ्ग

- भीम गुरुङ्ग
साउन २, बुधबार



BittiyaPost

#लघुवित्त #बिमा #सेयर बजार #निजी क्षेत्र

पोखरा रोयलका कर्मचारीलाई एक घण्टा पढ्ने समय, महिनामा एउटा पुस्तक पढ्नै पर्ने

- वित्तीय पोस्ट
फागुन ०२, बुधबार



हामीलाई राम्रो लागेको समाचार...

सदस्य हितमा पोखरा रोयल सहकारी: ऋणको साविक ब्याजदरमा १ प्रतिशत कम

सहकारी खबर २५ पुष २०८०, बुधबार



Share : 1,503

कास्की : पोखरामा प्रधान कार्यालय रहेको पोखरा रोयल बचत तथा ऋण सहकारी संस्था लिमिटेडले सदस्य हितमा बोल्ड डिसिजन गरेको छ । कोभिड महामारी र विश्वव्यापी आर्थिक मन्दीले सदस्यहरुमा परेको असरलाई न्यूनिकरण गर्न ऋणको साविक ब्याजदरमा १ प्रतिशत कम गर्ने निर्णय गरेको संस्थाका मुख्य प्रबन्धक तथा सूचना

उकालो विशेष समाचार विचार निर्वाचन २०७९ कला/संस्कृति जीवन/शैली

चौतर्फी सहकारी बदनाम भइरहँदा अब्बलमा दरिएको लाहुरे नेतृत्वको सहकारी

पोखरा रोयल सहकारीमा अहिले पनि बचत रकम बढिरहेको छ। संस्थाको कुल पुँजी दुई अर्ब ३२ करोड पुगिसकेको छ। शेयर पुँजी मात्रै २१ करोडको हाराहारीमा छ।

श्याम राना मगर

२०८० पौष १६, सोमबार



हामीलाई राम्रो लागेको समाचार...

जरा बलियो भएका १० सहकारी

सहकारी खबर ६ चैत्र २०७९, सोमबार



संकटमा पनि लाभांश बाँढ्ने 'टप टेन' सहकारी, यस कारण देखिएन समस्या

२०८० असोज २१ गते १८:२६ सन्तोष रोकाया

Share Tweet Share





वृद्ध आमाहरू अँध्यारोबाट उज्यालोतर्फ

■ सुरेन्द्र पौडेल

पोखरा, २ जेठ ।

वर्षले ७७ कटिन् शीतलदेवी गुरुङ । उमेर ढल्किएकोमा प्रवाह छैन उनलाई । बरु नयाँ उत्साह, जोस र जाँगर पलाएको छ शीतलदेवीमा ।

छोरीले पढ्न हुँदैन भन्ने जमानामा जन्मिइन् उनी । जमानामा पढ्न नपाएको प्रति पनि उनलाई कुनै चिन्ता छैन । 'त्यो जमाना नै त्यस्तै थियो,' भन्छिन्, 'म मात्र होइन मेरा दौतरीहरु पनि कसैले पढेका छैनन् त्यसबेलाका ।' एउटा लामो जिन्दगी । त्यो पनि निरक्षर जिन्दगी व्यतित गरिसकेकी छन् उनले । अब बाँकी जीवन भने साक्षर नेपाली नागरिक भएर बिताउने सौभाग्य पाएकी छन् शीतलदेवीले । पोखरा रोयल सहकारीले सञ्चालन गरेको प्रौढ शिक्षाले बुढेशकालमा उनलाई साक्षर बनायो ।

चार महिने प्रौढ शिक्षा साक्षरता तालिममा सहभागी भएर उनले आफ्नो मात्र होइन सम्पूर्ण परिवारको नाम लेख्न सक्ने भएकी छन् । 'पत्रपत्रिका पनि ढिलो गरी पढ्न सक्ने भएकी छु' एकछिन् हाँस्छिन् । उनको हाँसोका प्रतिच्छायाले नै बताइरहेको थियो की उनी अक्षर चिन्न पाउँदा कति फुरुङ्ग छन् । 'नेपाली त आँखै नहेरी लेखिदिन्छु' उनी बोलिरहँदा उनको उत्साह र जोस् पनि सँगसँगै बोलिरह्यो ।

पुरानो घर मिजुरे । अहिलेको बसोबास पोखरा-१० अन्नपूर्णटोलमा छ शीतलदेवीको । जीवनमा धेरै धनसम्पत्तीको हिसावकिताब गरिसकेकी छन् उनले । जुन सम्पत्तीप्रति उनको त्यती मोह छैन । अहिले बुढेशकालमा कमाएको शिक्षाको सम्पत्ती भने उनको लागि सबैभन्दा प्यारो बनेको छ । 'यो त ठूलो सम्पत्ती रहेछ,' उनी भन्छिन्, 'त्यसै बसेको भए अनपढ नै हुन्थें । पढें र अक्षर चिन्ने भएँ । म अहिले निकै खुसी छु ।'

केही महिना अगाडिसम्म उनका आफन्तलाई अरुले नै फोन गरिदिनुपर्थ्यो । अरुकै सहायता आवश्यक थियो । अब उनी आफै फोन नम्बर डायल गरेर आफन्तसँग कुराकानी गर्न सक्छिन् । 'सामान्य नेपाली पढ्न, लेख्न, मोबाइलमा फोन गर्न त सक्छु,' उनको अझै बाँकी सपना रहेछ, 'अलिअली अंग्रेजी पनि पढ्न, लेख्न र बोल्न मन छ ।'

हयोखु गुरुङ पनि अहिले ७२ वर्ष लागिन् । 'बुढेशकालमा क, ख... त सिक्यो,' आफ्नै लवजमा हयोखु बोलिन्, 'अझ धेरै पढ्न पाए धेरै कुरा जान्थ्यो जस्तो लाग्छ ।' गत माघदेखि वैशाखसम्म सञ्चालित साक्षरता तालिमबाट बृद्ध आमाहरुले पढाइको महत्व बुझिसकेका छन् । 'पहिला केही पनि जान्थेन मैले त' हयोखुले सुनाइन्, 'पढाइको महत्व बल्ल आज आएर पो बुझें ।'



५८ वर्षीया गुमकाशी गुरुङले पहिला कखरा लेख्न जानेकी थिइन् । 'अलिअलि लेख्न र पढ्न आउँथ्यो,' गुमकाशी भन्छिन्, 'तर लेख्न लाग्दा हात काम्थ्यो ।' प्रौढ शिक्षा कक्षा लिएपछि अहिले लेख्न सक्छिन्, उनको हात काम्दैन । अंग्रेजी पनि सामान्य लेख्न र पढ्न सक्ने भएकी छन् । 'प्रौढ शिक्षा कक्षा सञ्चालन भएको थाहा पाएपछि खुसी भएर पढ्न आएँ,' पढाइका अनुभव कोट्याउँछिन् उनी, 'शिक्षाले मलाई समूहमा निर्धक्कसँग बोल्न सक्ने पनि बनाएको छ ।'

पुष्पा गुरुङ वर्ष ६४ र धनकुमारी गुरुङ वर्ष ६२ । उनीहरु सहोदर दिदीबहिनी हुन् । पोखराको चिप्लुढुंगामा बसोबास छ उनीहरुको । 'के सोध्न लाग्नुभयो ?' म बोल्नुभन्दा पहिले नै पुष्पाले मलाई प्रश्न गरिन्, 'नो प्रोबोलम सर ! सोध्नुस् जानेको कुरा निर्धक्क भन्न सक्छौं हामी ।' शिक्षाले आँखामा लगाएको पट्टी खोले जस्तै भएको रहेछ पुष्पालाई । 'नेपाली र अंग्रेजी सामान्य लेख्न, पढ्न जानियो,' पुष्पाको चाहना प्रविधिमैत्री रहेछ, 'विदेशमा रहेका छोराछोरीसँग कम्प्युटर अगाडि बसेर इन्टरनेटमा कुराकानी गर्ने धोको छ मेरो ।' अब कम्प्युटर चलाउन सिक्ने उनले सुनाइन् । धनकुमारी पनि कम छैनन् । बोर्डमा लेखेको नामहरु पढेर ठाउँ पत्ता लगाउँछिन् । उनका परिवार यूकेमा छन् । 'अब यूके गएपनि सामान्य अंग्रेजी पढ्न र लेख्न सक्छु' खुसी भइन् उनी ।

पोखराका विभिन्न स्थानमा छरिएर रहेका महिलाहरुलाई ४ महिनासम्म प्रौढ कक्षामा पढाउन पाएकोमा सानु गुरुङ र धना गुरुङ पनि खुसी छन् । 'शुरुमा कखरा पढाएर नाम लेख्न सिकायौं,' पहिले धरा बोलिन्, 'नाम र कखरा लेख्न जानेकालाई एबीसीडी



पढाएर अंग्रेजीमा नाम लेख्न जान्ने बनायौं ।' कक्षामा सहभागी आमाहरुलाई अंक र अक्षर चिन्छन् । मोबाइल नम्बर डायल गरेर फोन गर्न सक्छन् । सामानको नाम पढ्न, मूल्य हेर्न, नेपाली र अंग्रेजीमा आफ्नो र परिवारको नाम लेख्न सक्छन् । 'आमाहरुमा पढ्ने चाहना अत्याधिक रहेछ,' सानु बोलिन्, 'कक्षामा आमाहरुले इमान्दारिताका साथ पढ्नुभयो ।'

सहकारी डिभिजन तथा प्रशिक्षण कार्यालय पोखराका सहकारी प्रशिक्षक ईश्वरी ढकाललाई शहरका मानिस सबै शिक्षित हुन्छन् भन्ने लागेको रहेछ । तर उनले आजकल मात्र थाहा पाइन्, शहरमा पनि प्रशस्त निरक्षर मानिसहरु रहेछन् । 'शहरमा पनि थुप्रै निरक्षर आमा बुवाहरु हुनुहुँदो रहेछ,' तालिम समापन कार्यक्रममा बोल्दै उनले भनिन्, 'सबै नेपालीलाई साक्षर बनाउन प्रौढ कक्षा अझ बढी आवश्यक छ ।' प्रौढ कक्षा तालिमले महिलाभित्र लुकेर रहेको प्रतिभालाई उजागर गर्न सफल भएको उनको भनाइ छ । 'निरक्षरलाई साक्षर बनाउन राम्रो पक्ष हो, उनले भनिन्, 'सिकाइ जिन्दगीभर निरन्तर जारी रहन्छ, अझै बढी सिक्न र जान्नतर्फ ध्यान दिनुहोला ।'

पाखुरीबोट गुरुङ समाजमा आवद्ध महिलाहरुका लागि पोखरा रोयल सहकारी संस्थाले निःशुल्क प्रौढ शिक्षा तालिम सञ्चालन गरेको हो । 'पाखुरीबोट गुरुङ समाजको स्थानीय व्यवस्थापनमा सञ्चालित तालिममा ५० जना महिलाहरुको सहभागिता रहेको थियो,' सहकारीका प्रवन्ध निर्देशक भीम गुरुङले भने । तालिममा ४० देखि ७७ वर्ष उमेरका महिलाहरु सहभागी थिए । 'सहकारीले १० वर्ष अगाडिबाट सामाजिक उत्तरदायित्व बहन गर्ने क्रममा विभिन्न स्थानमा निःशुल्क प्रौढ कक्षा तालिम सञ्चालन गरिरहेको छ,' गुरुङले भने, 'प्रौढ कक्षालाई आगामी दिनमा पनि निरन्तरता दिन्छौं ।'

सहकारीमार्फत सञ्चालित उक्त कक्षाबाट अहिलेसम्म ४ सय भन्दा बढी महिलाहरुलाई साक्षर बनाइसकेको सहकारीका प्रवन्धक मीलन ढकालले जानकारी दिए । 'तालिमका लागि आवश्यक पर्ने सबै खर्च सहकारीले नै उपलब्ध गराउँछ,' उनले भने, 'नेपाल सरकारको साक्षरता अभियानमा पनि सहकारीले योगदान पुऱ्याएको छ ।' तालिममा सहभागी महिलाहरुले समाजमा निर्धक्कसँग बोल्न सक्नुका साथै वित्तीय ज्ञान पनि प्राप्त गरेको सहकारीका अध्यक्ष तुलसीप्रसाद गुरुङले बताए ।

साक्षर बन्न पाउँदा खुसी छन् आमाहरू

पोखरा रोयलको साक्षरता अभियानबाट ३ सय ५० महिला लाभान्वित

❑ सुरेन्द्र पौडेल/डन न्यूज

पोखरा, २ असार । कास्की सिक्लेसकी ४० वर्षीया पैलकाशी गुरुङका श्रीमान वैदेशिक रोजगारमा छन् । श्रीमानले पठाएको चिठी पढ्न नसक्दा अरुको सहयोग लिनुपर्ने बाध्यता थियो उनलाई । श्रीमानलाई फोन गर्नका लागि 'नम्बर डायल' गर्न अरुकै सहयोग आवश्यकता पर्दथ्यो । तर, अहिले उनको समस्या समाधान भएको छ । अहिले उनले आफैंले श्रीमानको चिठी तथा पत्रपत्रिका पढ्न र मोबाइलमा फोन नम्बर डायल गर्न सक्छिन् । मोबाइलमा म्यासेजसमेत आफैले लेख्न सक्ने भएकी छन्, उनी ।

पोखरा रोयल सहकारी संस्थाले सामाजिक उत्तरदायित्व अन्तर्गत सञ्चालन गरेको निःशुल्क प्रौढ शिक्षा कार्यक्रमबाट साक्षर बनेपछि उनको खुसीको सीमा छैन । उनी मात्र होइन सिक्लेसका अन्य महिलाहरु पनि साक्षर बन्न पाएकोमा खुसी छन् । समूहमा उभिएर आफ्नो नाम उच्चारण गर्न नसक्ने केही महिलाहरु आज खुलेर बोल्न सक्ने भएका छन् । नाम लेख्न जानेका छन् भने अंक चिनेर आफ्नो हिसाब आफैले गर्न सक्ने भएका छन् । ल्याप्चे लगाउन बाध्य केही महिलाहरु आज आफ्नो हस्ताक्षर आफै गर्न सक्षम बनेका छन् ।

गत चैत १ गते सुरु सहकारीको ३ महिने साक्षरता कार्यक्रमबाट पार्चे-६ सिक्लेसस्थित गैरीथरका स्थानीय ३० जना महिलाहरु लाभान्वित भएका छन् । साक्षर महिलाहरुलाई हालै एक कार्यक्रमका बीच प्रमाणपत्र वितरण गरिएको सहकारीका प्रबन्ध निर्देशक भीम गुरुङले जानकारी दिए । प्रौढ शिक्षा कक्षामा सहभागी ६४ वर्षीया खुमाया गुरुङले आफ् अक्षर चिन्न सफल भएकोमा साह्रै खुसी लागेको बताइन् । 'गत वर्षपनि प्रौढ शिक्षामा सहभागी भएको थिएँ । घरको कामले नियमित कक्षामा उपस्थित हुन सकिन,' उनले भनिन्, 'यसपटक नियमित रुपमा कक्षामा उपस्थित भएपछि साक्षर बन्न सफल भएको छु ।' आफ्नो नाम आफैले लेख्न र हस्ताक्षर गर्न सक्दा ज्यादै खुसी भएको उनले आफ्नो अनुभव सुनाइन् ।

बुढेसकालमा उमेरको प्रवाह नगरी सिक्लेसका महिलाहरु ३ महिनासम्म अध्ययनमा व्यस्त रहे । सानोमा अध्ययन गर्ने अवसर नपाए पनि अहिले प्रौढ शिक्षामार्फत अक्षर चिन्न सक्षम बन्दा खुसी लागेको ६० वर्षीया इन्द्रकुमारी गुरुङले बताइन् । पहिलो चरणमा सिक्लेसका ३० जना महिलाहरु कक्षामा सहभागी भएपनि अन्य धेरै महिलाहरुले प्रौढ शिक्षाप्रति चासो देखाएको सहकारीका प्रबन्ध निर्देशक गुरुङले बताए । 'आवश्यकता अनुसार सिक्लेसमा प्रौढ शिक्षाका अन्य चरणहरुका कक्षाको समेत व्यवस्था गर्नेछौं,' उनले भने, 'सहरमा भन्दा ग्रामीण क्षेत्रमा प्रौढ शिक्षा प्रभावकारी हुने भएकाले सिक्लेसमा उक्त कक्षा सञ्चालन गरिएको हो ।' प्रौढ शिक्षा कक्षा सञ्चालनका लागि सहकारीले दुई शिक्षिकाको व्यवस्था गरेको थियो । कक्षाका लागि आवश्यक सम्पूर्ण शैक्षिक सामग्रीको व्यवस्था पनि सहकारीले नै गरेको हो ।

सहकारीले प्रौढ शिक्षालाई लक्षित गरी गीतसमेत प्रकाशन गरेको छ ।

१,२,३,४, ए,बी,सी,डी पढ्नुपर्छ ख,ख,र ।





प्रौढ शिक्षा पढी अब बन्नुपर्छ साक्षर ।
चिठी पढ्न मात्र हैन फोन गर्दा गाह्रो भो
अफिसतिर काम पर्दा सही गर्न साह्रो भो' भन्ने गीत गाउँदै कक्षा सञ्चालन गर्दा आफूहरुमा पढ्नुपर्छ भन्ने भावना बढेको कक्षामा सहभागी महिलाहरु बताउँछन् । सहकारीका प्रबन्ध निर्देशक भीम गुरुङले रचना गरेको *'शिक्षा ठुलो रहेछ यहाँ सारा संसार भन्दा नि, प्रौढ कक्षा पढ्न पाउँदा छोडें घरको धन्दा नि'* गीतको भाव अनुसार कक्षामा सहभागी महिलाहरुले अध्ययनमा निकै चासो दिए ।

पूर्ण निरक्षरहरुलाई साक्षर बनाउने लक्ष्यका साथ कार्यक्रम सञ्चालन गरिएको प्रबन्ध निर्देशक गुरुङले जानकारी दिए । सहकारीले विगत ५ वर्षदेखि साक्षरता अभियान जारी राखेको उनले बताए । सिक्लेसमा सम्पन्न प्रौढ शिक्षामा ४० देखि ६४ वर्ष उमेर समूहका महिलाहरु सहभागी थिए । सामान्य नेपाली लेख्न र पढ्न जानेका महिलाहरुलाई अंग्रेजी भाषासमेत कक्षामा पढ्न सिकाइएको थियो । कार्यक्रमबाट स्थानीय निरक्षर महिलाहरु अक्षर र अंक चिन्न सफल भएका छन् । आफ्नो नाम लेख्न, समूहमा बसेर अन्तरक्रियामा सहभागी बन्न प्रौढ शिक्षामा सहभागी महिलाहरु सक्षम बनेको शिक्षिका अम्बिका गुरुङले बताइन् । सहकारीको उद्देश्य अनुसार कार्यक्रम सफल भएको संस्थाका अधिकृत उमनाथ आचार्यले बताए । 'ल्याप्चे हान्न बाध्य महिलाहरु साक्षर बनेर हस्ताक्षर गर्न सफल हुनुभएको छ,' उनले भने ।

सिक्लेस सामुदायिक बहुउद्देश्यीय अध्ययन केन्द्रका अध्यक्ष गेहेन्द्र गुरुङले एउटै कक्षामा अंग्रेजी र नेपाली शिक्षा एकसाथ पढाएर निरक्षर महिलाहरुलाई साक्षर बनाउने सहकारीको कार्य उदाहरणीय भएको बताए । आगामी दिनमा सिक्लेसका अन्य वडाहरुमा पनि यस्तो कार्यक्रम सञ्चालन गर्न गुरुङले सहकारीलाई आग्रह गरे । प्रौढ शिक्षामा सहभागी ननसुवा गुरुङले कार्यक्रम आफूहरुका लागि उपयोगी भएको बताइन् । स्थानीय आमा समूहकी अध्यक्ष लिलसुवा गुरुङले सिक्लेसमा सहकारी आएर प्रौढ शिक्षा कक्षा सञ्चालन गरेकोमा धन्यवाद ज्ञापन गरिन् ।

सहकारीले हालसम्म कास्कीका विभिन्न ८ महिला समूहमा गरी करिब ३ सय ५० महिलाहरुलाई साक्षरता बनाइसकेको संस्थाका प्रबन्धक मीलन ढकालले जानकारी दिए । यस अगाडि सहकारीले पोखरा-१२ अन्नपूर्णटोल, पोखरा-१५ डोरफिरफिर तमु समाज, पोखरा-१८ पैयु खोला तमु समाज, पोखरा-८ नागडुगा आमा समूह, पोखरा-१२ माछापुच्छे टोल, पोखरा-१७ डुंगेसांघु आमा समूह, पोखरा-१० डडुवा दुछां लमजुङ तमु समाजमा प्रौढ शिक्षा कार्यक्रम सम्पन्न गरेको ढकालले बताए । 'अन्य ठाउँबाट पनि कार्यक्रमका लागि माग भइरहेको छ,' ढकालले भने ।

सहकारीले पोखराको बुद्धचोकमा अत्याधुनिक सुविधा सम्पन्न बहुउद्देश्यीय ४ तले भवन निर्माण गरी सेवा सञ्चालन गरिरहेको छ । २०५९ सालमा २८ जना शेयर सदस्यबाट शुरु भएको सहकारीमा अहिले ३ हजार शेयर सदस्य छन् । शेयर सदस्यहरुको बीमाको व्यवस्था गरेको सहकारीले सदस्य राहत कोष र पुरस्कार कोषको स्थापना तथा परिचालनसमेत गरिरहेको छ । सहकारीले सदस्यहरुको मृत्यु भएमा २० हजार, सदस्यको परिवारको मृत्यु भएमा ५ हजार, नयाँ बच्चा जन्मिएमा २ हजार, निको नहुने रोग लागि अस्पताल भर्ना भएमा १० हजार र ७५ वर्ष पुरा भएमा वार्षिक २५ सय पेन्सनको व्यवस्था गरेको छ । संस्थाले पुरस्कार कोषबाट ११ हजार १ सय ११ रुपैयाँको राष्ट्रिय सहकारी पुरस्कार, ५ हजार ५ सय ५५ रुपैयाँको क्षेत्रीय पत्रकारिकता र क्षेत्रीय प्रतिभा पुरस्कारसमेत वार्षिक रुपमा वितरण गरिरहेको छ ।

कास्की, स्याङ्जा, तनहुं र लम्जुङ गरी ४ जिल्लासाई सहकारीले आफ्नो कार्यक्षेत्र बनाएको छ । हाल संस्थाको सदस्य सेवा केन्द्र मोहन्द्रपुल र लेखनाथ भण्डारढिकामा छ । सहकारीले व्यापार, वैदेशिक रोजगार, पर्यटन, शिक्षा, कृषि र सवारीसाधन लगायतका क्षेत्रमा लगानी गरिरहेको अध्यक्ष मेजर तुलसीप्रसाद गुरुङले जानकारी दिए ।

हामीलाई राम्रो लागेको समाचार र कामहरू...

फोटो बुलेटिन (तस्विर आफै बोल्छ)



१८औं वार्षिक साधारण सभाको उद्घाटन गर्नुहुर्दै प्रमुख अतिथि राष्ट्रिय सहकारी विकास बोर्डका सल्लाहकार श्री ऋषिराज घिमिरे



एकिकरण घोषणा पश्चात नवनिर्वाचित सञ्चालक समितिका पदाधिकारीहरु









१८औं वार्षिक साधारण सभामा आ आफ्नो प्रस्तुतिकरण गर्दै संस्थाका अध्यक्ष तुलसीप्रसाद गुरुङ, उपाध्यक्ष रुद्रकुमारी गुरुङ, लेखा समिति संयोजक हर्कबहादुर गुरुङ, प्रमुख कार्यकारी अधिकृत भीमबहादुर गुरुङ र मूख्य प्रवन्धक मीलन ढकाल













१८ औं वार्षिक साधारण सभाको झलकहरु तस्बिरमा

पोखरा रोयल बचत तथा ऋण सहकारी संस्था लिमिटेड
Pokhara Royal Saving & Credit Co-operative Society Limited

हामीलाई राम्रो लागेको समाचार...



shuklagandakifm.com

पोखरा रोयलद्धारा दुबै कान नसुन्ने प्रमेशलाई ५० हजार रुपैया सहयोग

करको दायरा बढाउन जोड

■सुरेन्द्र पौडेल

पोखरा, ७ मंसिर

सरकारले करको दायरा बढाउनुपर्ने सरोकारवालाहरुले बताएका छन् । आन्तरिक राजस्व कार्यालय पोखराद्वारा सोमबार आयोजित उत्कृष्ट करदाता सम्मान तथा कर सप्ताह समापन कार्यक्रममा बोल्ने वक्ताहरुले करप्रणालीमा आमुल परिवर्तन आवश्यक रहेको भनाइ राखे । करको दायरा बढाउनतर्फ भन्दा पनि नियमित कर तिरिरहेका करदातालाई दुःख दिने काम सरकारबाट भइरहेको प्रति उनीहरुको चिन्ता छ ।

पश्चिमाञ्चल क्षेत्रीय प्रशासक केदारबहादुर अधिकारीले आर्थिक विकास र स्वच्छ कर प्रणाली आवश्यक रहेको धारणा राखे । आम नागरिकमा कर तिर्ने बानीको विकास गर्दै राजस्व प्रणालीलाई व्यवस्थित बनाइनुपर्ने उनले बताए । ‘पारदर्शी र व्यवस्थित जीवनका लागि सबै करको दायरामा आउन आवश्यक छ,’ उनले भने ।

पछिल्लो समय करदाता बढे पनि सन्तोषजनक नरहेको अधिकारीले बताए । ‘कर तिर्न योग्य नागरिक मध्ये ७ प्रतिशतमात्र करको दायरामा आएका छन्,’ उनले भने, ‘नेपालमा रहेका ५५ हजार घरपरिवारमध्ये एउटा घरमा कम्तीमा एक जना करको दायरामा आउन योग्य नागरिक छन् । कर तिर्न योग्य नागरिक करको दायरामा नआउनु दुखद हो ।’ कर तिर्नेले नियमित तिरिराखे पनि नयाँ करदाता थपिन गाह्रो भइरहेको उनले बताए ।

आन्तरिक राजस्व कार्यालय पोखराका निमित्त प्रमुख तथा कर अधिकृत सूर्य सुखालीले कर छली गर्नेहरुलाई कडा कारवाही गरिने बताए । ‘कर छली गर्ने करदातालाई कारवाही गर्छौं,’ उनले भने, ‘राजस्व संकलनमा उत्कृष्ट योगदान पुऱ्याउने असल र राम्रा करदातालाई सम्मान गरेर उत्साह प्रदान गर्ने हाम्रो नीति छ ।’

पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष विन्दुकुमार थापाले गत वैशाखमा गएको भूकम्प र बिगत दुई महिनादेखि जारी भारतीय नाकाबन्दीका कारण नेपालको अर्थतन्त्र धराशायी भएको बताए । ‘आपूर्ति व्यवस्था असहज हुँदा हरेक क्षेत्रमा असर परेको छ,’ उनले भने । लेखनाथ उद्योग वाणिज्य संघका अध्यक्ष लक्ष्मीप्रसाद त्रिपाठीले व्यवसायीले तिरेको करलाई सही सुदपयोग गर्नुपर्ने धारणा राखे । ‘करको दायरामा आएका व्यवसायीलाई अनावश्यक दुःख दिनुभन्दा करको दायरालाई फराकिलो बनाउनतर्फ सरकारको ध्यान जानुपर्छ,’ उनले भने ।

स्याङ्जा उद्योग वाणिज्य संघका अध्यक्ष नवराज सुवेदीले कुटनीतिक माध्यमबाट भारतीय नाकाबन्दी खुलाउनतर्फ ध्यान दिनुपर्ने धारणा राखे । ‘भारतको विकल्प चीन हुन सक्दैन,’ उनले भने, ‘दुवै देशसँगको सम्बन्ध आ-आफ्नो ठाउँमा छ ।’ पर्वत उद्योग वाणिज्य संघका अध्यक्ष हरिओम शर्माले करको दायरामा आउन छुटेका करदातालाई विशेष नीति बनाएर कर प्रणालीमा सहभागी गराइनुपर्ने बताए । म्याग्दी उद्योग वाणिज्य संघका अध्यक्ष जीवन विश्वकर्माले नाकाबन्दीका कारण उद्योग व्यवसाय धराशायी अवस्थामा पुगेकाले उद्योगी व्यवसायी मर्कामा परेको विचार राखे ।

‘कर संकलन उत्साहजनक’

गत वैशाखमा गएको भूकम्प र भारतीय नाकाबन्दीका कारण अर्थतन्त्रमा नकारात्मक असर परेपनि यस क्षेत्रमा कर संकलन उत्साहजनक रहेको आन्तरिक राजस्व कार्यालय पोखराका निमित्त प्रमुख तथा कर अधिकृत सूर्य सुखालीले जानकारी दिए । ‘प्रतिकूल अवस्थाका बाबजुत पनि लक्ष्य भन्दा बढी कर संकलन गर्न हामी सफल छौं,’ उनले भने, ‘चालु आर्थिक वर्षको कात्तिक मसान्तसम्म लक्ष्य भन्दा २१ प्रतिशत बढी कर संकलन भयो ।’

गण्डकी र धौलागिरीका १० जिल्ला कार्यक्षेत्र रहेको कार्यालयले कात्तिकसम्म १ अर्ब १३ करोड रूपैयाँ राजस्व संकलन गर्ने लक्ष्य लिएको थियो । कार्यालयले सो अवधिमा १ अर्ब ३७ करोड रूपैयाँ राजस्व संकलन गरेको सुखालीले बताए । यस क्षेत्रमा १ लाख २६ हजार करदाता रहेको कर अधिकृत बिजयप्रसाद लामिछानेले जानकारी दिए । १२ हजार १ सय जना मूल्य अभिवृद्धि करमा, ३३ हजार ८ सय करदाता व्यक्तिगत करमा र ९३ हजार करदाता व्यावसायिक स्थायी लेखा नम्बर लिएर करको दायरामा आएको उनले बताए ।



उत्कृष्ट करदातालाई सम्मान

आन्तरिक राजस्व कार्यालय पोखराले उत्कृष्ट करदातालाई सम्मानित गरेको छ । राजस्व संकलनमा उत्कृष्ट योगदान पुऱ्याएका, बढी कर तिर्ने, विवरण समयमा बुझाउने, बेरुजु नराख्ने करदाता मध्ये १० जिल्लाबाट छनोट गरी उत्कृष्ट ३ करदातालाई सम्मान गरिएको हो । पोखरा रोयल सहकारी संस्था, होटल पोखरा ग्राण्ड र चरक मेमोरियल अस्पताल यस वर्षको उत्कृष्ट करदाताबाट सम्मानित भएका हुन् । कर सप्ताहको समापनका अवसरमा आयोजित कार्यक्रममा पश्चिमाञ्चल क्षेत्रीय प्रशासक केदारबहादुर अधिकारी र कास्कीका प्रमुख जिल्ला अधिकारी कृष्णबहादुर राउतले उत्कृष्ट करदातालाई सम्मानित गरे । सहकारीका प्रबन्ध निर्देशक भीम गुरुङ, पोखरा ग्राण्डका कम्पनी सचिव चिरञ्जिवी आचार्य र चरक मेमोरियलका सञ्चालक डा. बद्री पौडेलले सम्मान ग्रहण गरेका हुन् ।

त्यसैगरी, राजस्व कार्यालयले जिल्लागत रुपमा उत्कृष्ट हुने करदातालाई पनि सम्मान गरेको छ । वाराही आवासीय उच्च माबि तनहुँ, न्यु सिद्धार्थ आयल स्टोर्स स्याङ्जा, सूर्योदय कन्स्ट्रक्सन पर्वत, मेघा सप्लायर्स लमजुङ, सिवाइसी बचत तथा ऋण सहकारी संस्था बागलुङ, निलगिरि डिस्टिलरी उद्योग मुस्ताङ, मुक्तिनाथ इन्टरप्राइजेज म्याग्दी र सत्य साई हार्डवेयर एण्ड सप्लायर्स गोरखा जिल्लागत रुपमा सम्मानित भएका छन् । यसैबीच, आन्तरिक राजस्व कार्यालय पोखराले एक सातासम्म विभिन्न कार्यक्रम आयोजना गरी कर सप्ताह मनाएको छ । मंसिर १ गते सरकारले कर दिवस मनाउँदै आएको छ ।

पोखरा रोयल सहकारी

२०५९ सालमा २८ जना शेयर सदस्यबाट शुरु भएको पोखरा रोयल सहकारी क्षेत्रमा अग्रणी स्थान बनाउन सफल छ । पोखराको महेन्द्रपुलबाट कारोबार शुरु गरेको सहकारी अहिले बुद्धचोकमा आफ्नै भवनमा सञ्चालित छ । सहकारीले चालु आर्थिक वर्षको कात्तिक मसान्तसम्म १ अर्ब १ करोड रूपैयाँ कारोबार गरेको छ । १० करोड ३ लाख रूपैयाँ सेयर पुँजी रहेको सहकारीले कात्तिक मसान्तसम्म ८३ करोड ४३ लाख रूपैयाँ कर्जा लगानी गर्न सफल छ । १ करोड १ लाख रूपैयाँ सञ्चालन बचत गरेको सहकारीले ७८ करोड ४५ लाख रूपैयाँ निक्षेप संकलन गरेको छ । ५ करोड ५ लाख रूपैयाँका विभिन्न कोषहरु सञ्चालनमा ल्याएको सहकारी सेयर सदस्यहरु ३ हजार ४ सय १२ जना छन् । कास्की, स्याङ्जा, तनहुँ र लमजुङ कार्यक्षेत्र रहेको सहकारीले महेन्द्रपुल र लेखनाथमा सेवा केन्द्रहरु सञ्चालनमा ल्याएको छ । सहकारीमा ३० जना कर्मचारी छन् । बचत ऋण, रेमिट्यान्स, निःशुल्क प्रौढ कक्षा सञ्चालन, बुलेटिन प्रकाशन र व्यवसायिक तालिमहरु सञ्चालन गरिरहेको सहकारी यस वर्ष आन्तरिक राजश्व कार्यालय पोखराबाट उत्कृष्ट करदाता सम्मानबाट सम्मानित भएको छ ।

होटल पोखरा ग्राण्ड

झण्डै एकदशक अगाडि सञ्चालित होटल पोखरा ग्राण्डको योगदान पोखराको पर्यटन क्षेत्रमा उच्च छ । स्तरीय पर्यटन विकासमा पाँचतारे उक्त होटलको सेवाले टेवा पुऱ्याएको छ । ४२ रोपनी क्षेत्रफलमा फैलिएको होटलमा १ सय ४० वटा सुविधा सम्पन्न कोठाहरु छन् । होटलमा रहेका ४ वटा सभाहलको क्षमता १ सयदेखि ५ सय जनासम्मको छ । पोखरा आउने स्तरीय पर्यटकको बस्ने पहिलो रोजाई पोखरा ग्राण्ड पर्ने गरेको छ भने यहाँ आयोजना हुने ठूलाठूला कार्यक्रम प्राय यही होटलमा हुन्छन् । किशोर शिलवालको एकल लगानीमा सञ्चालित पोखरा ग्राण्डमा १ सय ६४ जना कर्मचारी आवद्ध छन् । व्यवसायलाई पारदर्शी बनाउँदै समयमै राजश्व बुझाएकाले पोखरा ग्राण्ड उत्कृष्ट करदाता सम्मानबाट सम्मानित भएको छ । पोखराको बिरौटामा रहेको पोखरा ग्राण्डमा सञ्चालित क्यासिनो भने अहिले बन्द छ ।

चरक मेमोरियल हस्पिटल

तीन वर्ष अगाडि पोखरामा सञ्चालनमा आएको चरक मेमोरियल हस्पिटलले छोटो समयमा स्वास्थ्य क्षेत्रमा उल्लेख्य योगदान पुऱ्याएको छ । अत्याधुनिक प्रविधिसहितको डायलिसिस सेवा हाले सञ्चालनमा ल्याएको हस्पिटलले आइसियु, सानो घाउ बनाएर गर्ने अपरेसन सेवा, मुत्र नली, मुत्र थैली र मृगौलाका जटिल समस्याको उपचार दुर्विनको सहयोग गरिने सेवा सञ्चालनमा ल्याइसकेको छ । ५० शैय्याको हस्पिटलमा १३ जना चिकित्सक आवद्ध छन् । हस्पिटलमा १ सय ५० जना कर्मचारी आवद्ध छन् । हस्पिटलमा शल्यक्रिया, नशा तथा हाडजोर्नी, प्रसुति तथा स्त्री रोग, भिडियो एक्सरे, नाक, कान घाँटी, बाल तथा नवजात शिशु सेवा उपलब्ध छ । चर्म तथा यौन रोग, प्याथालोजी, फिजियोथेरापी, एक्सरे, फार्मेसी, एम्बुलेन्सलगायतका सेवा पनि हस्पिटलमा उपलब्ध छन् । हस्पिटलमा गण्डकी तथा धौलागिरी अञ्चलका जिल्लाहरुबाट बिरामीहरु उपचारका लागि आउने गरेका छन् । ‘हस्पिटलको सेवाबाट बिरामी सन्तुष्ट छन्,’ सञ्चालक डा. बद्री पौडेलले भने । हस्पिटल उत्कृष्ट करदाता सम्मानबाट सम्मानित भएको छ ।

Publications



पोखरा रोयल सहकारी संस्था लि. को बुलेटिन

सहकारी समाचार

पोखरा-१०, बुद्धचोक, कास्की

❑ २०७६ ❑ वर्ष १३ ❑ अंक १


१७औं तार्षिक साधारण सभा सम्पन्न


२०७४ असोज ७७

पोखरा रोयलको साधारण सभा सन्देश मुलक

पोखरा रोयल साकोसको १७औं साधारण सभा सम्पन्न भएको छ । गण्डकी प्रदेशका मुख्य सचिव लक्ष्मीराम पौडेलले रोयलको गतिविधिबाट आफू प्रभावित भएको र रोयल नेपालकै नमुना सहकारी बन्ने कुरामा आफू ढुक्क रहेको कुरा व्यक्त गर्नुभयो । रोयलको प्रतिवेदन हेर्दा उहाँ पनि कार्य क्षेत्रभित्रको व्यक्ती भएकोले आजबाट नै सदस्य बन्न आतुर रहेको कुरा समेत व्यक्त गर्नुभयो । पोखरा रोयलको साधारण सभा नितान्त बेग्लै तवरले सन्चालन भएको थियो साधारण सभामा कसैलाई पनि मञ्चमा लगिएको थिएन भने प्रमुख अतिथी बाहेक अरू बक्ता समेत थिएनन् । साधारण सभामा स्वास्थ्य सम्बन्धि डा. कालू शर्मा र सहकारीमा संरक्षित पुजी किर्तीको अभ्यासमा नेफ्स्कुनका प्राचार्य सञ्जयराज तिमिल्सिनाले प्रशिक्षण दिनुभएको थियो । साधारण सभामा ७० वर्ष उमेर पुगेका शेयर सदस्यलाई जेष्ठ सदस्य सम्मान, ७५ वर्ष उमेर पुगेका सदस्यलाई वार्षिक ५ हजार पेन्सन वितरण गरिएको थियो । त्यसैगरी सामाजिक उत्तरदायित्व अन्तर्गत सिसि टिभी जडानको लागि जिल्ला सहकारी संघलाई रू २५ हजार प्रदान गरिएको थियो । त्यसैगरी विशेष सम्मान अन्तर्गत संस्थाले सञ्चालन गरेको प्रौढ शिक्षा पढेर हाल एस.ई.ई. पास गर्न सफल पुर्णकला घर्तीलाई सम्मान गरिएका साथै शेयर सदस्य डा. गिरिधारी शर्मा पौडेल प्रदेश नीति तथा योजना आयोगको उपाध्यक्षमा नियुक्ति हुनुभएकोमा विशेष सम्मान गरिएको थियो । त्यसैगरी वर्षको उत्कृष्ट सदस्य विश्व रत्न शाक्य र बचत जङ गुरुङ सम्मानित हुनुभएको थियो भने रोयल प्रतिभा पुरस्कारबाट शेयर सदस्य डा. विश्व मोहन भट्टराईकी छोरी श्रृङ्खला भट्टाईलाई नगद रू. ११ हजारले पुरस्कृत गरिएको थियो । त्यसैगरी वर्षको सर्वोत्कृष्ट कर्मचारी हुन सफल हुनुभएकोमा ज्योति गुरुङलाई नगद रू. १५ हजार र १ ग्रेड थप गरी पुरस्कृत गरिएको थियो । कुल ४,५५४ जना शेयर सदस्य भएको रोयलमा १७ करोड ४२ लाख शेयरपुँजी, ७ करोड ८७ लाख जगेडाकोष, १ अर्ब निक्षेप, १ अर्ब ८ करोड ऋण लगानी गरी ५ करोड ८० लाख सन्चालन बचत र कुल सम्पत्ति १ अर्ब ४४ करोड रहेको छ । रोयलले बुद्धचोक स्थित प्रधान कार्यालयका साथै २ वटा सेवा केन्द्रबाट पनि आफ्नो सेवा सदस्य सामु पुऱ्याएको छ र आजको साधारण सभा सन्देश मुलक रहेको थियो ।

पोखरा रोयल साकोस ~ १ ~ पोखरा म.उ.पा.-१०, कास्की





समाचारमा सहकारी...

BittiyaPost

#लघुवित्त #बीमा #शेयर बजार #राष्ट्र बैंक

प्राधिकरणबाट इजाजतपत्र पाउने पहिलो सहकारी बन्यो पोखरा रोयल, ११६० संस्था पोर्टलमा इन्ट्री



A+ A A-

काठमाडौं : राष्ट्रिय सहकारी नियमन प्राधिकरणले बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारीहरुका लागि सञ्चालन इजाजतपत्र जारी गर्न सुरु गरेको छ। प्राधिकरणबाट सञ्चालन इजाजतपत्र पाउने सहकारी पोखरा रोयल बचत तथा ऋण सहकारी संस्था लि. कास्की बनेको छ ।



SAHAKARIKHABAR.COM

एक सय ५२ विद्यार्थीलाई पोखरा रोयल सहकारीको न्यानो पोशाक - सहकारीखबर

पोखरा रोयल साकोस: सदस्य बन्यो कर्जा सूचना केन्द्रमा, वित्तीय जोखिम न्यूनीकरणमा मद्दत पुग्ने विश्वास

धिप्री समाचार | सोमबार , माघ १९, २०८२



काठमाडौं । कास्कीको पोखरास्थित पोखरा रोयल बचत तथा ऋण सहकारी संस्था लि.ले पनि कर्जा सूचना केन्द्र लिमिटेडको सदस्यता प्राप्त गरेको छ ।

ताजा अपडेट

१ साढे ३ लाख किशोरीलाई पाठेघरको मुखको क्यान्सरविरुद्ध खोप लगाइँदै

२ सामाजिक सञ्जाल नियमनको प्रस्तावित विधेयक संसदबाट फिर्ता लिने सरकारको निर्णय

३ सन्तानको भिडमा एक्लो बुबाः बिर्सिएको जन्मोत्सव र माफी

४ सात प्राज्ञलाई 'विजय मल्ल नइ शताब्दी पुरस्कार' प्रदान गरिने

dhipri

Oct 16 2026 | २०८३, असोज ३० गते 09:24:35

Follow us

समाचार | धर्म संस्कृति | अर्थ अफेयर्स | सहकारी | दिगो विकास | धिप्री स्टोरी | धिप्री विविध | मल्टिमीडिया | अन्तर्राष्ट्रिय | कला/साहित्य

417 Shares

सहकारी प्राधिकरणको अनुगमन उपलब्धिमूलक, 'टेष्ट' हुने मौका मिल्योः पोखरा रोयल साकोस

रञ्जनमणि पौड्याल | मंगलबार , असोज ६, २०८३



काठमाडौं । राष्ट्रिय सहकारी नियमन प्राधिकरणले कास्कीको पोखरास्थित पोखरा रोयल बचत तथा ऋण सहकारी संस्था लि.को सघन स्थलगत (अनसाइट) अनुगमन, निरीक्षण तथा सुपरिवेक्षण गरेको छ । नेपाल राष्ट्र बैंकसहितको प्राधिकरणको टोलीले गत साउन २५ गतेदेखि २९ गतेसम्म गरेको संस्थाको विस्तृत अनसाइट अनुगमन अत्यन्त उपलब्धिमूलक रहेको भन्दै

ताजा अपडेट

१ पेट्रोलियम पदार्थको मूल्य यथावत्,पाक्षिक ३ अर्ब ४५ करोड घाटा बेहोर्दै निगम

२ चाडपर्वमा खाद्य स्वच्छता कायम गर्न व्यवसायीहरुलाई निर्देशन

३ दर्सै बिदामा पनि राष्ट्रिय मानव अधिकार आयोगका कार्यालय खुला रहने

४ वार्षिक ५ लाख मेट्रिक टन क्षमताको ग्रीन युरिया प्लान्ट स्थापना गर्न प्रस्ताव आह्वान

समाधान

समाचार राजनीति अर्थ-बजार समाज प्रदेश विचार अन्तर्वार्ता कला खेलकुद ई-पत्रिका

पोखरामा ठूला सहकारीका अध्यक्ष र व्यवस्थापकबीच नीति संवाद, १० बुँदे प्रतिबद्धता घोषणा

समाधान संवाददाता

२०८३ असार २ गते १५:५१

289 Shares



पछिल्ला ट्रेन्डिङ

१  बाढीको जगमा उभिएको पोखरालाई जोखिम कति ?

२  लेखक जनकराज सापकोटाको उपन्यास ‘मगनी मरिक’ सार्वजनिक

३  पोखरा विमानस्थलमा ‘आरएनपी एआर’ जडान गर्ने तयारी

bclid=IwY2xiawU-e4xleHRuA2FlbOIxMOBwZG9mBXNvdGMGYXBwX2IkEDIvMiAzOTE3ODgvMDA4OTIAAR5IGaBOI9EiBFkowEaAWck2wbvoEbC042aaV7cita4rqnr7XWvX0GGcoDdiWA_aem_Zna-vkO7dbhmFWJJnT8JJQ#tab2

dhipri

Oct 16 2026 | २०८३, असोज ३० गते 09:27:31

Follow us

समाचार धर्म संस्कृति अर्थ अफेयर्स सहकारी दिगो विकास धिप्री स्टोरी धिप्री विविध मल्टिमीडिया अन्तर्राष्ट्रिय कला/साहित्य

सहकार्य र सेवाको लागि सहकारी भन्दै पोखरा रोयलले गर्यो ३ लाख ५२ हजार १ सय योगदान

28 Shares

धिप्री समाचार | बिहीबार , भदौ १८, २०८३



ताजा अपडेट

१ पेट्रोलियम पदार्थको मूल्य यथावत,पाक्षिक ३ अर्ब ४५ करोड घाटा बेहोर्दै निगम

२ चाडपर्वमा खाद्य स्वच्छता कायम गर्न व्यवसायीहरुलाई निर्देशन

३ दर्सै बिदामा पनि राष्ट्रिय मानव अधिकार आयोगका कार्यालय खुला रहने

४ वार्षिक ५ लाख मेट्रिक टन क्षमताको ग्रीन युरिया प्लान्ट स्थापना गर्न प्रस्ताव

नेपालको ५ ठूला सहकारीमा जर्मनीका डि.एस.आई.के.

२०८३ भाद्र ४ गते , विहीवार Sahakari Akhabar



काठमाडौं । नेपालका पाँच ठूला सहकारीमा जर्मनको जर्मन स्पार्कासेन फाउन्डेसन फर इन्टरनेसनल कोअपरेसन (डिएसआइके) को कार्यक्रम संचालन हुनेभएको छ । नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ (नेफ्स्कून) र German Sparkassenstiftung for International Cooperation (DISK) बीच पाँचवटा सहकारी संस्थामा उक्त कार्यक्रम लागु गर्ने सम्झौता भएको हो ।



असल अभ्यास कसरी मापन गर्ने ?

सूचक	मापन गर्ने तरिका
सदस्य सन्तुष्टि	नियमित सर्वेक्षण
कर्जा गुणस्तर	निष्क्रिय कर्जाको अनुपात विश्लेषण
वित्तीय सुरक्षा	तरलता र पूंजी पर्याप्तता जांच/पर्ल्स अनुगमन
सेवाको गुणस्तर	गुनासो समाधानको समय
कर्मचारी उत्पादकत्व	निर्धारित KPI को उपलब्धि
सुशासन	लेखापरिक्षण /बाह्य अनुगमन/सामाजिक परिक्षण
सामाजिक प्रभाव	सदस्यको उद्यम,जीवनस्तर,आयआर्जन र सेवामा पहुंच सुधार

विश्व सहकारीले अपनाएका केहि असल अभ्यास...

देश र संस्था	असल अभ्यास
स्पेन (मोन्ड्रागन कर्पोरेसन)	सहकारी बीच सहकार्य, कर्मचारी सदस्य बीच सामुहिक उधम
क्यानडा (डेस्जारडिन)	सदस्य स्वामित्वमा आधारित वित्तीय सेवा र समुदाय विकास
भारत (सेवा)	महिला श्रमिको आर्थिक ससक्तीकरण
अस्ट्रेलिया (क्रेडिट युनियन)	आम्दानीको आधारमा घर भाडा निर्धारण
जापान (कृषि सहकारी)	लेखा समितिका पदाधिकारी वैतनिक र दैनिक कार्यमा
भारत (अमुल)	किसानको दुध बजारमा, बजारको पैसा गांउमा
जापान	जमिन भएका किसान कृषिमा सदस्य, वित्तीयमा बचत गर्ने सदस्य

ऋण लिएर हैन, ऋण तिरेर दशैं मनाऔं ।



